# स्थिति सूचक

नेपाल मानव अधिकार वर्ष पुस्तकको
त्रैमासिक प्रकाशन

वर्ष १५, अङ्क १
(२०८२ पुस १७ गतेदेखि २०८२ चैत १७ गतेसम्म)


## कोशी प्रदेसको
# मानव अधिकार अवस्था विश्लेषण

कोशी प्रदेशका १४ ओटै जिल्लाका इन्सेक प्रतिनिधिहरू तथा सरोकारवाला, स्वयम्सेवक परिचालन, मानव अधिकार हटलाइन, जिल्ला अनुगमन र प्रदेश कार्यालयले सञ्चार माध्यम अनुगमन गरी सङ्कलन गरिएका घटनाहरूको आधारमा सन् २०२६ को जनवरी १ देखि मार्च ३१ सम्म अर्थात् ०८२ पुस १७ गतेदेखि चैत १७ गते सम्मका मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूको तथ्याङ्कसहित त्रैमासिक अवस्थाको विश्लेषण गरी यो स्थितिसूचक प्रकाशन गरिएको छ।

बितेको तीन महिनामा कोशी प्रदेशको मानव अधिकारलाई विश्लेषण गर्ने हो भने यस अवधिमा मानिसको सबै भन्दा ठूलो अधिकार बाँच्न पाउने अधिकारबाट १९ जना नागरिक विमुख भएका छन्। जसमा राज्यपक्षबाट तीन जना र अन्य पक्षबाट १६ जना बाँच्न पाउने अधिकारबाट वञ्चित भएका छन्। सशस्त्र प्रहरीको गोली प्रहारबाट एक जना, राज्यको नियन्त्रणमा भएको कारागारभित्र दुई जना गरी तीन जनाले यस अवधिमा ज्यान गुमाएका छन्। राज्यपक्षबाट भएका कुटपिटका घटनामा दुई जना महिला र एक जना पुरूष पीडित भएका छन् विद्यालयमा एक जना बालिकामाथि कुटपिट गरिएको छ। अन्य पक्षबाट कुटपिटका तीन, कुटपिटबाट घाइते ३९ र धारिलो हतियारको प्रयोगबाट २४ जना घाइते भएका छन्। यस अवधिमा अन्य पक्षबाट भएको कुटपिटबाट चार जनाको मृत्यु भएको छ। धारिलो हतियारको प्रयोगबाट पाँच जना, लाठ्ठी प्रहारबाट एक जना, हत्याको कारण नखुलेको घटनामा एक जना र पारिवारिक हत्याका घटनामा पाँच जना गरी १६ जनाले ज्यान गुमाएका छन्। यस अवधिमा हिरासत कक्षमा एक बालिकालाई यातना दिएको घटना अभिलेखित भएको छ। अन्य पक्षबाट भएका हत्याका घटनामा एक जना महिला र १० जना पुरुष गरी ११ जना छन्।

तीन महिनाको अवधिमा कोशी प्रदेशमा राज्यपक्ष र अन्यपक्षबाट भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा २ सय २६ जना पीडित भएका छन्। राज्यबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा पाँच जना महिला र ६ जना पुरुष गरी ११ जना पीडित भएका छन्। राज्य पक्षबाट एक जना महिला र दुई जना पुरुष गरी तीन जना गिरफ्तारीमा परेका छन्। राज्य पक्षबाट भएका घटनामा दुई जना महिलामाथि कुटपिट भएको छ। एक जना बालिकालाई हिरासतमा यातना र एक जना बालिकालाई विद्यालयमा कुटपिट गरिएको छ। अन्य पक्षबाट भएका मानव अधिकार ज्यादतीका घटनामा २ सय १५ जना नागरिक पीडित भएका छन्।

तीन महिनाको अवधिमा कोशी प्रदेशमा अन्य पक्षबाट भएका घटनामा कुटपिटका घटनामा तीन जना, कुटपिटबाट घाइते घटनामा ३९ र धारिलो हतियार प्रहारबाट २४ जना पीडित भएका छन्। धम्कीको घटनामा तीन जना पीडित भएको इन्सेकले अभिलेख गरेको छ।

यस अवधिमा अन्य पक्षबाट भएको बाल अधिकारविरूद्धका घटनामा ८९ जना पीडित भएका छन्। जसमा सामूहिक बलात्कारका घटनामा पाँच, हाडनाता करणीका घटनामा सात, बलात्कारका घटनामा ५४ र यौन दुर्व्यवहारका घटनामा २२ जना पीडित भएका छन्।

तीन महिनाको अवधिमा कोशी प्रदेशमा महिला अधिकारविरूद्धका घटनामा ४६ जना महिला पीडित भएका छन्। जसमा सबैभन्दा बढी बलात्कारका घटनामा २३ जना महिला पीडित भएका छन्। हाडनाता करणी घटनामा पाँच जना, बलात्कार प्रयासका घटनामा ६ जना, पारिवारिक हत्याका घटनामा पाँच जना, महिला बेचविखन प्रयास घटनामा चार जना, साइवर अपराधको घटनामा एक जना र घरेलु हिंसाको घटनामा दुई जना महिला पीडित भएका छन्।

प्रतिनिधि सभा सदस्य निर्वाचनको मिति ०८२ भदौ २७ मा घोषणा भएदेखि नै व्याप्त अनेकौं शंका र आशंकाका बीच फागुन २१ गते शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न भयो। आधारभूत स्वास्थ्य अधिकारसँग प्रत्यक्ष जोडिने प्रादेशिक अस्पतालको काम सुरु नभएको विरोधमा ओखलढुङ्गाको मानेभन्ज्याङ गाउँपालिका-७ का मतदाताले शहीद स्मृति आधारभूत विद्यालय, सातसल्ले केन्द्रमा मतदान गरेनन्।

तीन महिनाको अवधिमा इन्सेक कोशी प्रदेश कार्यालयले वातावरण संरक्षण र स्वच्छ वातावरणमा बस्न पाउने मौलिक हक सम्बोधनका लागि नेपाल सरकार, उद्योग समेतलाई विपक्षी बनाई उच्च अदालत विराटनगरमा कानुनी लडाई लड्यो। सो सम्बन्धमा अदालतबाट पीडितमैत्री परमादेश जारी भयो।

मानव अधिकारका सम्बन्धमा राज्यको महत्वपूर्ण दायित्व रहेको हुँदा यस विषयमा राज्य सम्वेदनशील हुनु पर्दछ। अतः इन्सेकले अभिलेखीकरण गरेका तथ्याङ्कहरूलाई दृष्टिगत गरी मानव अधिकार संरक्षण र सम्वर्द्धनका निम्ति राज्यले ठोस, प्रभावकारी र हस्तक्षेपकारी नीति तथा कार्यक्रमहरू अवलम्वन गर्न जरूरी छ। यस दिशामा सबै सरोकारवालाहरूले ध्यान दिन आवश्यक छ।

**मनोहरकुमार पोखरेल**
संयोजक

## घटनाका प्रकार अनुसार पीडित सङ्ख्या
(जनवरी-मार्च २०२६)

| | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| गिरफ्तारी | १ | २ | ३ | | | | ३ |
| घाइते | | १ | १ | १६ | ४७ | ६३ | ६४ |
| कुटपिट | २ | | २ | २ | १ | ३ | ५ |
| बाल अधिकार | | १ | १ | ८८ | १ | ८९ | ९० |
| यातना | १ | | १ | | २ | २ | ३ |
| हत्या | | १ | १ | १ | १० | ११ | १२ |
| कारागारमा मृत्यु | | २ | २ | | | | २ |
| महिला अधिकार | | | | ४६ | | ४६ | ४६ |
| धम्की | | | | | ३ | ३ | ३ |
| जम्मा | ४ | ७ | ११ | १५३ | ६४ | २१७ | २२८ |

# कोशी प्रदेशको मानव अधिकार अवस्था : तीन महिनाका प्रतिनिधिमूलक घटना

## (२०८२ पुस १७ गतेदेखि चैत १७ गतेसम्म)

**नागरिक तथा राजनीतिक अधिकार**

**सम्मानित रूपले बाँच्न पाउने अधिकार**

**हत्या**

**राज्यपक्षबाट**

**सुनसरी**

कोशी गाउँपालिका-१ का ४५ वर्षीय विजय साहको ०८२ पुस १७ गते सशस्त्र प्रहरीले चलाएको गोली प्रहारबाट मृत्यु भयो। भारतबाट नेपालतर्फ चिनी, चक्लेटलगायतका सामग्री तस्करी गरेको र सो बापत सशस्त्र प्रहरीले मागेको ५ सय रुपियाँ नजराना नदिएका कारण गोली हानी हत्या भएको इन्सेकको स्थलगत अनुगमन टोलीले जनायो। पुस १८ गतेदेखि २१ गतेसम्म इन्सेक, विराटनगर कार्यालयले घटनाको स्थलगत अनुगमन गऱ्यो। निहत्था नागरिकमाथि सशस्त्र प्रहरीले गोली चलाएको इन्सेकले जनायो। शवको पोष्टमार्टम वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, घोपामा पुस १७ गते भयो। सोही दिन पीडित पक्षले शव बुझी पुस १८ गते सुनसरी खोलामा सद्गत गऱ्यो। सशस्त्र प्रहरी वेस क्याम्प विओपी, लौकही नजिकै भारतबाट चिनी तस्करी गरिरहेका साहले सशस्त्र प्रहरीमाथि गोली चलाएपछि आत्म रक्षाका लागि गोली चलाउँदा साहको मृत्यु भएको सशस्त्र प्रहरी कार्यालय, सुनसरीका एसपी निर्मलकुमार थापाले बताए। स्थानीयले घटनाको विरोधमा पूर्व पश्चिम राजमार्गको इनरूवा-इटहरी सडक खण्डको लौकहीमा पुस १७ गते बिहानैदेखि अवरोध सिर्जना गरे। साहसँग नजराना ५ सय रुपियाँ मागेको र सो रकम नदिएपछि सशस्त्र प्रहरीले गोली प्रहार गरी हत्या गरेको कोशी गाउँपालिका-१ का वडाध्यक्ष सोभितनारायण यादवले बताए। साहको सशस्त्र प्रहरीले चलाएको गोलीबाट मृत्यु भएको विषयमा पीडित पक्ष र जिल्ला प्रशासन कार्यालयबिच पुस १७ गते सहमति भयो। प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेको अध्यक्षतामा जिल्ला प्रशासन कार्यालयमा भएको छलफलमा घटनाको सत्यतथ्य छानबिन गर्न सात दिनभित्र प्रतिवेदन पेश गर्ने गरी छानबिन समिति गठन गर्ने निर्णय गऱ्यो। छलफलमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि तथा सरोकारवाला निकायहरूबिच सहमति भयो। सहमतिमा सशस्त्र प्रहरी बलको गोली प्रहारबाट विजय साहको मृत्यु भएको घटनाको कारण र परिणामबारे छानबिन गर्न प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयका प्रतिनिधि रहने गरी सात सदस्यीय छानबिन समिति गठन गर्ने निर्णय गरियो। छानबिन समितिको प्रतिवेदन प्राप्त भएपछि सुरक्षाकर्मीको लापरबाहीका कारण मृत्यु भएको ठहर भएमा नियमअनुसार राहत तथा क्षतिपूर्तिका लागि नेपाल सरकार गृह मन्त्रालयमा सिफारिस गरिने सहमति भयो। मृतक विजय साहकी पत्नीलाई रोजगारी उपलब्ध गराउन प्रमुख जिल्ला अधिकारीले पहल तथा सहजीकरण गर्ने सहमति पीडित पक्ष र प्रशासनबिच भयो। मृतकका छोरा सशस्त्र प्रहरी बलमा भर्ना हुने इच्छा राखेमा सशस्त्र प्रहरी बल नम्बर १ बराह बाहिनीले नियमअनुसार आवश्यक सहकार्य र सहजीकरण गर्ने निर्णय सहमतिमा भयो। पीडित पक्षले ०८२ चैत १७ गतेसम्म आरोपितविरूद्ध प्रहरीमा उजुरी दिएनन्।

**अन्यपक्षबाट**

**ओखलढुङ्गा**

चिशंखुगढी गाउँपालिका-६ भदौरेस्थित बोहोरे टोलका ८१ वर्षीय चन्द्रविक्रम राई र उनकी ८० वर्षीया पत्नी चन्द्रमाया राईलाई ०८२ माघ १२ गते कोदालो प्रहार गरी हत्या भयो। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा माघ १४ गते भयो। पीडित पक्षले माघ १९ गते शव बुझी सद्गत गऱ्यो। प्रहरीले हत्यामा संलग्न भएको आरोपमा सोही ठाउँका ३४ वर्षीय धनबहादुर राना मगर र १७ वर्षीय बालकलाई माघ २३ गते काठमाडौंबाट गिरफ्तार गऱ्यो। लुटपाटका लागि दम्पत्तिको हत्या भएको प्रहरीले जनायो। आरोपितद्वयविरूद्ध प्रहरीले जिल्ला अदालतमा फागुन १३ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नारायणप्रसाद पराजुलीको फागुन १३ गतेको आदेशले धनबहादुरलाई पुर्पक्षका लागि जिल्ला कारागार र

बालकलाई बाल सुधारगृह, विराटनगर पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

## गिरफ्तारी

**झापा**

झापाका प्रमुख जिल्ला अधिकारी शिवराम गेलाललाई ०८२ पुस २९ गते अपशब्द बोलेको आरोपमा प्रहरीले कनकाई नगरपालिका-९ का ४४ वर्षीय अभय राजवंशीलाई पुस ३० गते विर्तामोड नगरपालिका-१ मा रहेको नाइटलाइफ डान्सबारबाट गिरफ्तार गऱ्यो। राजवंशीसहित प्रहरीले नाइटलाइफ डान्सबारकी सञ्चालिका ४२ वर्षीया नविना राजवंशी र बिर्तामोड नगरपालिका- १ का ४१ वर्षीय रमेश राजवंशीलाई समेत गिरफ्तार गऱ्यो। अभय राजवंशीले ०८२ पुस २९ गते डोमालाल र शालामा आयोजना गरिएको भाक्का दिवसमा मन्तव्यका क्रममा प्रमुख जिल्ला अधिकारीलाई सार्वजनिक रूपमा गाली गरेको आरोप प्रहरीले लगायो। राजवंशीलाई पुस ३० गते राति बिर्तामोड नगरपालिका-१ मा रहेको नाइटलाइफ डान्सबारबाट अभद्र व्यवहार शीर्षकमा अनुसन्धानका लागि गिरफ्तार गरिएको इलाका प्रहरी कार्यालय विर्तामोडका डिएसपी देवराज निरौलाले बताए। अब आइन्दा सार्वजनिक स्थानमा कोही कसैलाई गालीगलौच नगर्ने शर्तमा माघ १ गते माफी मागेपछि राजवंशीलाई प्रहरीले रिहा गऱ्यो। प्रहरीले नविनालाई पुस ३० गते नै र रमेश राजवंशीलाई माघ १ गते रिहा गऱ्यो।

## कारागारमा मृत्यु

**मोरङ**

उर्लाबारी नगरपालिका-३ का ३७ वर्षीय सनम तामाङको उपचारका क्रममा ०८२ फागुन १३ गते मृत्यु भएको जिल्ला कारागार कार्यालय, मोरङले जनायो। विराटनगर महानगरपालिका-८ स्थित जिल्ला कारागारमा सजाय भुक्तान गरिरहेका तामाङको उपचारका क्रममा मृत्यु भएको कारागार प्रशासक गौरव ढुङ्गेलले बताए। श्वासप्रश्वास सम्बन्धी समस्या देखिएपछि तामाङलाई उपचारका लागि फागुन १२ गते विराटनगरस्थित कोशी अस्पतालमा भर्ना गरिएको थियो। श्वासप्रश्वासका दीर्घरोगी तामाङले नियमित औषधि सेवन गर्दै आएको ढुङ्गेलले बताए। जिल्ला अदालत, मोरङले लागु औषध मुद्दामा तामाङलाई ०८१ असोज १६ गते २ वर्ष ६ महिना कैद सजाय तोकेको थियो। अदालतको फैसलापछि सजाय भुक्तान गरिरहेका तामाङको उपचारका क्रममा मृत्यु भयो। पीडित परिवारले फागुन १३ गते शव बुझेर र सोही दिन उर्लावारी नगरपालिका-४ स्थित बक्राहाघाटमा सद्गत गरे।

पथरीशनिश्चरे नगरपालिका-४ का २३ वर्षीय ज्ञानदीप राईको प्रहरी हिरासतमा रहेको अवस्थामा ०८२ माघ ६ गते मृत्यु भएको प्रहरीले जनायो। लागुऔषध मुद्दामा इलाका प्रहरी कार्यालय, पथरीको हिरासतमा रहेका राईको उपचारका क्रममा विराटनगरस्थित नोबेल अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी हरिनन्दन चौधरीले बताए। लागू औषध मुद्दामा माघ १ गते अनुसन्धानका लागि गिरफ्तार गरिएका राई माघ २ गतेदेखि बिरामी भएका थिए। अनुसन्धानका लागि प्रहरी हिरासतमा रहेको अवस्थामा राई अस्वस्थ्य भएपछि माघ २ गते मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर, उर्लावारी मङ्गलबारेमा प्रहरीले भर्ना गरेर उपचार गऱ्यो। ट्रमा सेन्टरले माघ ६ गते नोवेल अस्पताल रिफर गऱ्यो। सोही दिन उपचारका क्रममा नोवेल अस्पतालमा राईको मृत्यु भयो। सोहीदिन पीडित पक्षले शव बुझी डाँस खोलामा सद्गत गऱ्यो।

**झापा**

विर्तामोड नगरपालिका-४ मियावारीका १३ वर्षीया बालिका आसिदा खातुनलाई ०८२ फागुन २९ गते गिरफ्तार गरी इलाका प्रहरी कार्यालय, अनारमनीको हिरासतमा यातना दिएको पीडित पक्षले आरोप लगायो। लागुऔषध मुद्दा आरोपमा अनुसन्धानका लागि भन्दै प्रहरीले हिरासतमा राखेर यातना दिएको पीडित बालिकाकी फूपु सञ्जेरी खातुनले बताइन। घर खानतलासी गर्ने नाममा प्रहरी आएको र आमाछोरीलाई हत्कडी लगाएर लगेको सञ्जरी खातुनले बताइन। फागुन २९ गतेदेखि चैत ३ गतेसम्म बालिकालाई भेट्न नदिएको पीडितले आरोप लगाइन। जिल्ला प्रहरी कार्यालयले चैत ४ गते विज्ञप्ति जारी गरेर लागु औषध मुद्दामा अनुसन्धानका लागि बालिकाकी २८ वर्षीया आमा मसिना खातुनलाई अनुसन्धानका लागि गिरफ्तार गरेको हाजिरी जमानीमा रिहा गऱ्यो। बालिकालाई हिरासतमा यातना दिएको घटनाको प्रहरीले चैत ४ गते विज्ञप्ति निकालेर खण्डन गऱ्यो। आसिदालाई प्रहरीले चैत ६ गते बिनाशर्त रिहाइ गऱ्यो। पीडित पक्षले आसिदा खातुनका लागि कानुनी प्रक्रियामा गएन।

## कुटपिट

### राज्यपक्षबाट

**खोटाङ**

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-८ बुवालुङकी ४२ वर्षीया उमा खड्कालाई आपसी विवादका

क्रममा ०८२ पुस २१ गते कुटपिट गरेको आरोपमा पीडितले दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-८ बुवालुङका ५२ वर्षीय वडाध्यक्ष लिलाकुमार चौहानविरूद्ध सोहीदिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला प्रहरी कार्यालयमा पुस २१ गते वडाध्यक्ष चौहानले माफी मागेपछि रिहा भए। पीडितले आरोपितविरूद्ध कहीकतै उजुरी दिइनन्।

**मोरङ**

सुनवर्षी नगरपालिका-९ मा बस्दै आएकी ३७ वर्षीया भारतीय नागरिक आरती भारतीलाई आपसी विवादका क्रममाा ०८२ फागुन २४ गते सुनवर्षी नगरपालिका-९ का वडाध्यक्ष ५० वर्षीय ध्रुवकुमार सिंहले कुटपिट गरेको पीडित पक्षले आरोप लगायो। पीडित पक्षले वडाध्यक्षविरूद्ध सोहीदिन प्रहरी चौकी, डाइनियामा उजुरी दियो। फागुन २५ गते दुवै पक्षबिच प्रहरी चौकीमा छलफलपछि मिलापत्र भयो। मिलापत्रपछि पीडितले आरोपितविरूद्ध कहीकतै उजुरी दिइनन्।

**अन्यपक्षबाट**

**सोलुखुम्बु**

नेचासल्यान गाउँपालिका-३ स्थित विहिवारे बजारमा ड्युटीमा बसेको अवस्थामा ४२ वर्षीय प्रहरी हवल्दार धनबहादुर कटुवाललाई ०८२ फागुन १८ गते कुटपिट गरेर घाइते बनाएको आरोपमा पीडितले सोही ठाउँका ४३ वर्षीय ओपी भनिने ओमप्रसाद कटुवालविरूद्ध सोहीदिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको फागुन १८ गते जिल्ला अस्पतालमा उपचार भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला प्रशासन कार्यालयमा फागुन २६ गते अभद्र व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। प्रमुख जिल्ला अधिकारी लीलाकुमारी केसी पाण्डेको फागुन २६ गतेको आदेशले आरोपित ३५ हजार रुपियाँ धरौटी बुझाएर रिहा भए। मुद्दा कानुनी प्रक्रियामा छ।

**झापा**

मोरङ जिल्ला कानेपोखरी गाउँपालिका-५ घर भइ विराटनगर महानगरपालिका-१२ मा बसेर रातोपाटी अनलाइन, हाम्रोमत अनलाइन र गोरखापत्रमा कार्यरत ३९ वर्षीय पत्रकार अर्जुनकुमार आर्चायलाई ०८२ फागुन १४ गते कुटपिट गरेको आरोपमा पीडितले कमल गाउँपालिका-६ का ४५ वर्षीय युवराज पाठकविरूद्ध फागुन १५ गते इलाका प्रहरी कार्यालय, दमकमा उजुरी दिए। कुटपिटबाट अनुहारमा चोट लागेका पत्रकारको सोहीदिन विराटनगरस्थित न्यूरो अस्पतालमा उपचार भयो। आरोपितलाई प्रहरीले फागुन ३० गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला प्रशासन कार्यालयमा चैत २ गते अभद्र व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। प्रमुख जिल्ला अधिकारी शिवराम गेलालको सोही दिनको आदेशले आरोपित ५ हजार रुपियाँ धरौटी बुझाएर रिहा भए। मुद्दा कानुनी प्रक्रियामा छ।

**सुनसरी**

इनरूवा नगरपालिका-२ का २४ वर्षीय पत्रकार गणेशकुमार यादवलाई समाचारको विषयलाई लिएर इनरुवा नगरपालिका-९ बबियाका २२ वर्षीय रञ्जित मेहताले ०८२ फागुन ४ गते कुटपिट गरेको आरोपमा पीडितले फागुन ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। कुटपिटबाट आँखा र टाउकोमा चोट लागेका पीडितको सोहीदिन जिल्ला अस्पतालमा उपचार भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला प्रशासन कार्यालयमा फागुन १० गते अभद्र व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेको सोही दिनको निर्णयले ५ हजार रुपियाँ धरौटी माग गऱ्यो। आरोपित सोही दिन धरौटी बुझाएर रिहा भए। मुद्दा कानुनी प्रक्रियामा छ।

**यातना**

**मोरङ**

रतुवामाई नगरपालिका-१ सोनापुरका २२ वर्षीय श्याम गिरीलाई ०८२ फागुन ८ गते नेपाली सेनाको गस्ती टोलीले कुटपिट गरेको पीडितले आरोप लगाए। प्रतिनिधिसभा सदस्य निर्वाचनको सुरक्षाका लागि गस्ती गरिरहेको भिडियो खिचेको आरोपमा कुटपिट भएको पीडितले बताए। जनताको सुरक्षाका लागि गस्ती गरिरहेको अवस्थामा भिडियो खिचेको भनेर नेपाली सेनाको गस्ती टोलीले एक झापड हिर्काएको र भिडियो डिलिट गर्न लगाएको वडाध्यक्ष घनश्याम गिरीले बताए। पीडितले कुटपिट गर्नेविरूद्ध उजुरी दिएनन्।

**बाल अधिकार**

**कुटपिट**

**झापा**

कन्काइ नगरपालिका-७ का १५ वर्षीय बालक अङ्कित गुरागाईंलाई ०८२ चैत १ गते कक्षा कोठामा हल्ला गरेको आरोपमा पाँचथर जिल्ला फिदिम नगरपालिका-१

पल्लोटार स्थायी घर भइ कन्काइ नगरपालिका-१ मा रहेको नवयुग शिक्षा निकेतन माविमा कार्यरत २० वर्षीय शिक्षक निश्चल तुम्रोक लिम्बूविरूद्ध कुटपिट गरेको आरोपमा पीडित पक्षले चैत ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। कुटपिटबाट घाइते बालकको चैत १ गतेदेखि ५ गतेसम्म बि एण्ड सी अस्पतालमा उपचार भयो। प्रहरीले आरोपितलाई चैत ३ गते गिरफ्तार गर्‍यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत २४ गते ज्यान मार्ने उद्योग शीर्षकमा मुद्दा दर्ता गर्‍यो।

विर्तामोड नगरपालिका-५ का ६ वर्षीय बालकलाई भनेको नमानेको आरोपमा ०८२ चैत ७ गते कुटपिट गरेको आरोपमा पीडित पक्षले २५ वर्षीया आमा सुमित्रा लामगादेविरूद्ध सोहीदिन इलाका प्रहरी कार्यालय, विर्तामोडमा उजुरी दियो। कुटपिटबाट घाइते बालकको सोहीदिन स्थानीय क्लिनिकमा उपचार भयो। आरोपितलाई प्रहरीले चैत ७ गते गिरफ्तार गर्‍यो। घटना अनुसन्धानका क्रममा छ।

**सुनसरी**

इनरुवा नगरपालिका-९ की १२ वर्षीया बालिका कौशल्या यादवलाई ०८२ चैत ४ गते सरस्वती माध्यमिक विद्यालय, इनरुवाका ३८ वर्षीय शिक्षक श्यामप्रसाद साहले कुटपिट गरेको पीडित पक्षले आरोप लगायो। ०८२ चैत ४ गते विद्यालय सरसफाइका क्रममा अल्छी गरेको आरोपमा कुटपिट भएको पीडित बालिकाले बताइन्। कुटपिट गर्नुका साथै विद्यालय पोसाक समेत च्यातिदिएको पीडित बालिकाका बाबु नागेश्वर यादवले आरोप लगाए। आरोपित शिक्षकले कुटपिट नगरेको तर लाठीले इशारा गरेर सफाइको काम छिटो गर भन्दा बालिकाले लगाएको स्कूले सर्ट च्यातिएको बताए। विद्यालयका प्रधानाध्यापक उमेशप्रसाद साहले घटनाको छानबिन गरी दोषीलाई कारबाही गर्ने बताए। घटना अनुसन्धानका क्रममा छ।

## बलात्कार, यौनदुर्व्यवहार

**ताप्लेजुङ**

१४ वर्षीया बालिकालाई ०८२ माघ २५ गते यौन दुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले बारा जिल्ला बिश्रामपुर गाउँपालिका-२ पकडीगोठ स्थायी घर भइ फक्तालुङ गाउँपालिका-४ बस्दै आएका २६ वर्षीय शम्भु साहविरूद्ध पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण सोही दिन जिल्ला अस्पतालमा भयो। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गर्‍यो। आरोपितविरूद्ध जिल्ला अदालतमा फागुन ११ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता भयो। जिल्ला अदालतका न्यायाधीश विकास श्रेष्ठको फागुन १२ गतेको इजलासले ७५ हजार रुपियाँ धरौटी माग गर्‍यो। आरोपित सोहीदिन धरौटी बुझाएर रिहा भए। मुद्दा कानुनी प्रक्रियामा छ।

नौ वर्षीया बालिकालाई ०८२ फागुन ९ गते बलात्कार गरेको आरोपमा ५४ वर्षीय बाबुविरूद्ध पीडित पक्षले फागुन २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन २७ गते जिल्ला अस्पतालमा भयो। आरोपितलाई प्रहरीले फागुन २७ गते गिरफ्तार गर्‍यो। आरोपितविरूद्ध जिल्ला अदालतमा चैत ५ गते हाडानाता करणी शीर्षकमा मुद्दा दर्ता भयो। जिल्ला अदालतका न्यायाधीश विकास श्रेष्ठको चैत ६ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। मुद्दा कानुनी प्रक्रियामा छ।

**सङ्खुवासभा**

१५ वर्षीया बालिकालाई ०८२ माघ १५ गते बलात्कार गरेको आरोपमा षडानन्द नगरपालिका-२ का ३० वर्षीय प्रज्वल भनिने सञ्जय तामाङविरूद्ध पीडित पक्षले माघ १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ १७ गते भयो। आरोपितलाई प्रहरीले माघ १७ गते गिरफ्तार गर्‍यो। आरोपितविरूद्ध माघ २७ गते मुद्दा दर्ता भयो। जिल्ला अदालतका न्यायाधीश ध्रुवराज त्रिपाठीको माघ २७ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। मुद्दा कानुनी प्रक्रियामा छ।

**सोलुखुम्बु**

१४ वर्षीया बालिकालाई ०८२ माघ २ गते बलात्कार गरेको आरोपमा महाकुलुङ गाउँपालिका-२ का २० वर्षीय योमु सिङ कुलुङविरूद्ध पीडित पक्षले माघ २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ २३ गते भयो। आरोपितलाई प्रहरीले माघ २४ गते गिरफ्तार गर्‍यो। आरोपितविरूद्ध जिल्ला अदालतमा फागुन ११ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता भयो। जिल्ला अदालतका न्यायाधीश चन्द्रकुमार पोखरेलको फागुन १५ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१० वर्षीया बालिकलाई ०८२ पुस २४ गते बलात्कार गरेको आरोपमा २२ वर्षीय मामाविरूद्ध पीडित पक्षले पुस २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण सोही दिन जिल्ला अस्पतालमा

भयो। प्रहरीले आरोपितलाई पुस २५ गते गिरफ्तार गऱ्यो। माघ १८ गते मुद्दा दर्ता भयो। जिल्ला अदालतका न्यायाधीश चन्द्रकुमार पोखरेलको माघ १९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१७ वर्षीया बालिकालाई ०८२ पुस १९ गते बलात्कार गरेको आरोपमा सोलुदूधकुण्ड नगरपालिका-४ चिवाङ्गका २२ वर्षीय रोसमान तामाङविरूद्ध पीडित पक्षले पुस २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा सोहीदिन भयो। प्रहरीले आरोपितलाई पुस २८ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध जिल्ला अदालतमा माघ ७ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता भयो। जिल्ला अदालतका न्यायाधीश चन्द्रकुमार पोखरेलेको माघ ८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दा कानुनी प्रक्रियामा छ।

११ वर्षीया बालिकालाई ०८२ पुस १८ गते बलात्कार गरेको आरोपमा सिन्धुली जिल्ला दूधौली नगरपालिका-११ का २६ वर्षीय यज्ञराज खपाङ्गी मगरविरूद्ध पीडित पक्षले पुस २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण सोहीदिन जिल्ला अस्पतालमा भयो। आरोपितलाई प्रहरीले पुस २३ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध जिल्ला अदालतमा माघ १८ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता भयो। जिल्ला अदालतका न्यायाधीश चन्द्रकुमार पोखरेलेको माघ १९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दा कानुनी प्रक्रियामा छ।

**ओखलढुङ्गा**

१२ वर्षीया बालिकालाई ०८२ माघ १७ गते यौन दुर्व्यवहार गरेको आरोपमा मानेभञ्ज्याङ गाउँपालिका-१ का ६८ वर्षीय मकरबहादुर थापा मगरविरूद्ध पीडित पक्षले माघ २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा सोही दिन भयो। आरोपितलाई प्रहरीले माघ २४ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा फागुन १२ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नारायणप्रसाद पराजुलीको फागुन १३ गतेको आदेशले आरोपितसँग धरौटी माग गऱ्यो। आरोपित धरौटी बुझाउन नसकेर सोहीदिन पुर्पक्षका लागि थुनामा गए। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**खोटाङ**

१३ वर्षीया बालिकालाई ०८२ फागुन ९ गते बलात्कार गरेको आरोपमा सोलुखुम्बु जिल्ला थुलुङदूधकोशी गाउँपालिका-१ स्थायी घर भइ दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-१ मा बस्दै आएका २४ वर्षीय टेकबहादुर खत्रीविरूद्ध पीडित पक्षले फागुन ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन ९ गते भयो। प्रहरीले आरोपितलाई फागुन ९ गते गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत ४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश फणिन्द्रप्रसाद पराजुलीको चैत ४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका थुनामा पठायो। मुद्दा कानुनी प्रक्रियामा छ।

**बाल अधिकारविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (जनवरी – मार्च २०२६)**

| | |
|---|---|
| बलात्कार | ५४ |
| यौन दुर्व्यवहार | २२ |
| सामूहिक बलात्कार | ५ |
| हाडनाता करणी | ६ |
| विद्यालयमा दिइने शारीरिक दण्ड सजाय | ३ |
| जम्मा | ९० |

**भोजपुर**

१३ वर्षीया बालिकालाई ०८२ पुस ३० गते यौन दुर्व्यवहार गरेको आरोपमा ५० वर्षीय बाबुविरूद्ध पीडित पक्षले माघ १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो।

पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ ४ गते भयो। प्रहरीले आरोपितलाई माघ १ गते गिरफ्तार गर्‍यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा माघ २५ गते मुद्दा दर्ता भयो। जिल्ला अदालतका न्यायाधीश नारायणप्रसाद दाहालको माघ २९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी छ।

१३ वर्षीया बालिकालाई ०८२ माघ १९ गते यौन दुर्व्यवहार गरेको आरोपमा पौवादुङ्मा गाउँपालिका-३ प्याक्लाका २८ वर्षीय राजकुमार सार्कीविरूद्ध पीडित पक्षले माघ २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ २२ गते भयो। आरोपितलाई प्रहरीले माघ २२ गते गिरफ्तार गर्‍यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन १२ गते जिल्ला अदालतमा यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश नारायणप्रसाद दाहालको चैत १ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दा कानुनी प्रक्रियामा छ।

**धनकुटा**

१७ वर्षीया बालिकालाई ०८२ पुस १८ गते यौन दुर्व्यवहार गरेको आरोपमासाँगुरीगढी गाउँपालिका-६ का ६० वर्षीय यमप्रसाद लिम्बूविरूद्ध पीडित पक्षले पुस १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस २० गते भयो। प्रहरीले आरोपितलाई पुस २० गते गिरफ्तार गर्‍यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ ११ गते जिल्ला अदालतमा यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश हरिशचन्द्र इ   नामको माघ ११ गतेको इजलासले १ लाख रुपियाँ धरौटी माग गर्‍यो। आरोपित सोही दिन धरौटी बुझाएर रिहा भए। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**पाँचथर**

१४ वर्षीया बालिकालाई ०८२ फागुन १२ गते बलात्कार गरेको आरोपमा काभ्रेपलाञ्चोक जिल्ला बनेपा नगरपालिका-९ हनुमान टोल स्थायी घर भई ताप्लेजुङ जिल्ला पाथीभारा याङ्वरक गाउँपालिका-१ स्थित तमोर र कावेलीको सङ्गमस्थलको गुफामा बस्दै आएका ३७ वर्षीय अघोरी महाकालेश्वर बाबा प्रकाश पन्त भनिने ऋषि पन्तविरूद्ध पीडित पक्षले फागुन १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा सोही दिन भयो। आरोपितलाई प्रहरीले फागुन १३ गते गिरफ्तार गर्‍यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत ५ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता भयो। जिल्ला अदालतका श्रेस्तेदार कुमार निरौलाको चैत ८  गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दा कानुनी प्रक्रियामा छ।

**इलाम**

१२ वर्षीया बालिकालाई ०८२ फागुन २४ गते यौन दुर्व्यवहार गरेको आरोपमा पाँचथर जिल्ला फिदिम नगरपालिका-५ स्थायी घर भई इलाम नगरपालिका-६ बस्दै आएका २२ वर्षीय पूर्णहाङ तुम्बापोविरूद्ध पीडित पक्षले चैत २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा चैत २ गते भयो। प्रहरीले आरोपितलाई चैत ८ गते गिरफ्तार गर्‍यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत २६ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश रोशन गजुरेलको चैत २६ गतेको इजलासले १ लाख रुपियाँ धरौटी माग गर्‍यो। आरोपित सोहीदिन धरौटी बुझाएर रिहा भए। मुद्दा कानुनी प्रक्रियामा छ।

११ वर्षीया बालिकालाई ०८२ फागुन २५ गते यौन दुर्व्यवहार गरेको आरोपमा देउमाइ नगरपालिका-९ मादीबुङका ४८ वर्षीय डम्बरकुमार मगरविरूद्ध पीडित पक्षले फागुन २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन २६ गते जिल्ला अस्पतालमा भयो। आरोपितलाई प्रहरीले फागुन २६ गते गिरफ्तार गर्‍यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत २२ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश रोशन गजुरेलको चैत २२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दा कानुनी प्रक्रियामा छ।

१२ वर्षीया बालिकालाई ०८२ पुस २५ गते बलात्कार गरेको आरोपमा काभ्रेपलाञ्चोक जिल्ला बेथानचोक गाउँपालिका-५ का २५ वर्षीय पप्पु भनिने वीरस तामाङविरूद्ध पीडित पक्षले माघ २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ २ गते भयो। आरोपितलाई प्रहरीले माघ ३ गते गिरफ्तार गर्‍यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा माघ ११ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश रोशन गजुरेलको

माघ १२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दा कानुनी प्रक्रियामा छ।

१४ वर्षीया बालिकालाई ०८२ पुस १९ गते यौन दुर्व्यवहार गरेको आरोपमा माइजोगमाई गाउँपालिका-२ खत्रीगाउँका ४८ वर्षीय नन्दलाल सुवेदी र माइजोगमाई गाउँपालिका-२ सरसिंगे गाउँका २२ वर्षीय वर्षीय निमेश अधिकारीविरुद्ध पीडित पक्षले पुस २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस २१ गते भयो। आरोपितलाई प्रहरीले पुस २१ गते गिरफ्तार गर्‍यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा पुस २३ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश रोशन गजुरेलको पुस २३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१५ वर्षीया बालिकालाई ०८२ फागुन २ गते बलात्कार गरेको आरोपमा माङसेबुङ गाउँपालिका-३ का २० वर्षीय सिलास लिम्बूविरूद्ध पीडित पक्षले फागुन ६ गते प्रहरी चौकी, बाँझोमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन ६ गते भयो। आरोपितलाई प्रहरीले फागुन ६ गते गिरफ्तार गर्‍यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन १४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश रोशन गजुरेलको फागुन १४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दा कानुनी प्रक्रियामा छ।

**झापा**

१४ वर्षीया बालिकालाई ०८२ चैत १६ गते बलात्कार गरेको आरोपमा अर्जुनधारा नगरपालिका-८ का २८ वर्षीय प्रविण सुन्दासविरूद्ध पीडित पक्षले चैत १७ गते इलाका प्रहरी कार्यालय, विर्तामोडमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण मेची प्रादेशिक अस्पताल भद्रपुरमा चैत १७ गते भयो। प्रहरीले आरोपितलाई चैत १७ गते गिरफ्तार गर्‍यो। घटना अनुसन्धानको क्रममा छ।

६ वर्षीया बालिकालाई ०८२ फागुन १५ गते बलात्कार गरेको आरोपमा गौरीगञ्ज गाउँपालिका-३ ठेकीटोलाका ५६ वर्षीय रामबहादुर गिरीविरूद्ध पीडित पक्षले फागुन १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण मेची प्रादेशिक अस्पताल, भद्रपुरमा फागुन १६ गते भयो। प्रहरीले आरोपितलाई फागुन १६ गते गिरफ्तार गर्‍यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत ११ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश लोकबहादुर हमालको चैत १२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दा कानुनी प्रक्रियामा छ।

१५ वर्षीया बालिकालाई ०८२ फागुन १९ गते बलात्कार गरेको आरोपमा भद्रपुर नगरपालिका-३ हात्तीमाराका २० वर्षीय सुधिर मर्डीविरूद्ध पीडित पक्षले फागुन २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण मेची प्रादेशिक अस्पतालमा फागुन २० गते भयो। प्रहरीले आरोपितलाई सोहीदिन गिरफ्तार गर्‍यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत १२ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो।

चार वर्षीया बालिकालाई ०८२ फागुन २४ गते बलात्कार गरेको आरोपमा १३ वर्षीय बालकविरूद्ध पीडित पक्षले फागुन २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण मेची प्रादेशिक अस्पतालमा फागुन २८ गते भयो। आरोपितलाई प्रहरीले फागुन २८ गते गिरफ्तार गर्‍यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत ४ गते मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश उमेशप्रसाद लुइटेलको चैत ५ गतेको आदेशले आरोपितलाई संरक्षकको जिम्मा लगाउने आदेश दियो। मुद्दा कानुनी प्रक्रियामा छ।

१४ वर्षीया बालिकालाई ०८२ पुस २३ गते यौन दुर्व्यवहार गरेको आरोपमा भद्रपुर नगरपालिका-३ महेशपुरका ४३ वर्षीय मङ्गल टुडुविरूद्ध पीडित पक्षले पुस २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण मेची प्रादेशिक अस्पतालमा पुस २५ गते भयो। आरोपितलाई प्रहरीले पुस २६ गते गिरफ्तार गर्‍यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा माघ ७ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश महेन्द्रप्रसाद पोखरेलको माघ ८ गतेको इजलासले १ लाख रुपियाँ धरौटी माग गर्‍यो। आरोपित सोहीदिन धरौटी बुझाएर रिहा भए। मुद्दा कानुनी प्रक्रियामा छ।

आठ वर्षीया बालिकालाई ०८२ पुस १७ गते बलात्कार गरेको आरोपमा भारत बिहार राज्य, बडहरवा जिल्ला, पोष्ट बहुरपिया, अञ्चल तुकौलिया बरहरवा, पूवी चम्पारण स्थायी घर भइ कमल गाउँपालिका-५ मा बस्दै आएका ४७ वर्षीय सञ्जयकुमार शर्मा भनिने सञ्जयकुमारविरूद्ध पीडित पक्षले पुस २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको सोहीदिन मेची

प्रादेशिक अस्पतालमा स्वास्थ्य परीक्षण भयो। आरोपितलाई प्रहरीले माघ ३ गते गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा माघ ४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश अम्बिकाप्रसाद दाहालको माघ ६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दा कानुनी प्रक्रियामा छ।

१४ वर्षीया बालिकालाई ०८२ पुस २३ गते यौन दुर्व्यवहार गरेको आरोपमा दमक नगरपालिका-४ का ६२ वर्षीय सानुवुवाविरूद्ध पीडित पक्षले पुस २४ गते इलाका प्रहरी कार्यालय, दमकमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण मेची प्रादेशिक अस्पताल, भद्रपुरमा पुस २४ गते भयो। आरोपितलाई प्रहरीले पुस २४ गते गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा माघ २ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतमा न्यायाधीश महेन्द्रप्रसाद पोखरेलको माघ ४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दा कुननी प्रक्रियामा छ।

१४ वर्षीया बालिकालाई ०८२ पुस २५ गते बलात्कार गरेको आरोपमा गौरादह नगरपालिका-६ चप्रामारीका २३ वर्षीय सुमन राजवंशीविरूद्ध पीडित पक्षले पुस २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण मेची प्रादेशिक अस्पतालमा पुस २८ गते भयो। आरोपितलाई प्रहरीले पुस २८ गते गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा माघ २२ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश पारसमणि पोखरेलको माघ २३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दा कानुनी प्रक्रियामा छ।

१७ वर्षीया बालिकालाई ०८२ पुस १८ गते बलात्कार गरेको आरोपमा सिरहा जिल्ला गोलबजार नगरपालिका-१ बलडाँडाका २५ वर्षीय सुमनकुमार यादवविरूद्ध पीडित पक्षले माघ १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण मेची प्रादेशिक अस्पताल, भद्रपुरमा माघ १२ गते भयो। आरोपितलाई प्रहरीले माघ १७ गते गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन १३ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश डिल्लीप्रसाद आचार्यको फागुन १४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दा कानुनी प्रक्रियामा छ।

१६ वर्षीया बालिकालाई ०८२ माघ १२ गते बलात्कार गरेको आरोपमा २२ वर्षीय दाजुविरूद्ध पीडित पक्षले माघ २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ २० गते मेची प्रादेशिक अस्पताल, भद्रपुरमा भयो। आरोपितलाई प्रहरीले माघ २० गते गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन १४ गते हाडनाता करणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश ऋतुबहादुर पुलामी मगरको फागुन १५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दा कानुनी प्रक्रियामा छ।

१६ वर्षीया बालिकालाई ०८२ माघ १२ गते बलात्कार गरेको आरोपमा गौरादह नगरपालिका-५ वालुवथानका १८ वर्षीय प्रमेश मते भनिने प्रवेश मते नेपालीविरूद्ध पीडित पक्षले माघ २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण सोहीदिन मेची प्रादेशिक अस्पतालमा भयो। आरोपितलाई प्रहरीले माघ २६ गते गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन १३ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश अम्बिकाप्रसाद दाहालको फागुन १४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दा कानुनी प्रक्रियामा छ।

१६ वर्षीया बालिकालाई ०८२ माघ २८ गते बलात्कार गरेको आरोपमासुनसरी जिल्ला बराहक्षेत्र नगरपालिका-७ बा `बजारका ६४ वर्षीय प्रेमानन्द पौडेलविरूद्ध पीडित पक्षले माघ २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण मेची प्रादेशिक अस्पताल, भद्रपुरमा माघ २९ गते भयो। आरोपितलाई प्रहरीले फागुन १ गते गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन १४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश महेन्द्रप्रसाद पोखरेलको फागुन १५ गतेको इजलासले १ लाख रुपियाँ धरौटी माग गऱ्यो। आरोपित सोहीदिन धरौटी बुझाएर रिहा भए। मुद्दा कानुनी प्रक्रियामा छ।

१६ वर्षीया बालिकालाई ०८२ माघ २७ गते यौन दुर्व्यवहार गरेको आरोपमा मेचीनगर नगरपालिका-१२ कालीझोडाका ३९ वर्षीय बाबुविरूद्ध पीडित पक्षले सोहीदिन इलाका प्रहरी कार्यालय, धुलावारीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण सोहीदिन मेची प्रादेशिक अस्पताल, भद्रपुरमा भयो। प्रहरीले आरोपितलाई माघ २७

गते गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन १५ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश पारसमणि पोखरेलेको फागुन १७ गतेको इजलासले १ लाख २५ हजार रुपियाँ धरौटी माग गऱ्यो। आरोपित धरौटी बुझाउन नसकेर सोहीदिन पुर्पक्षका लागि थुनामा गए। मुद्दा कानुनी प्रक्रियामा छ।

सात वर्षीया बालिकालाई ०८२ फागुन ९ गते यौन दुर्व्यवहार गरेको आरोपमा भद्रपुर नगरपालिका-१० सत्रविघेका ५१ वर्षीय गोपाल भनिने सन्तोषकुमार रिजालविरूद्ध पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण सोहीदिन मेची प्रादेशिक अस्पताल, भद्रपुरमा भयो। आरोपितलाई प्रहरीले फागुन ९ गते गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन २८ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश उमेशप्रसाद लुइटेलको फागुन २९ गतेको आदेशले १ लाख रुपियाँ धरौटी माग गऱ्यो। आरोपित सोहीदिन धरौटी बुझाएर रिहा भए। मुद्दा कानुनी प्रक्रियामा छ।

नौ वर्षीया बालिकालाई ०८२ माघ २३ गते यौन दुर्व्यवहार गरेको आरोपमा गौरीगञ्ज गाउँपालिका-४ भवानीपुरका ४५ वर्षीय गोपाल सोरेनविरूद्ध पीडित पक्षले माघ २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण सोहीदिन मेची प्रादेशिक अस्पताल, भद्रपुरमा भयो। आरोपितलाई प्रहरीले माघ २४ गते गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन १२ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश महेन्द्रप्रसाद पोखरेलको फागुन १३ गतेको इजलासले आरोपितलाई कसुर गरेको ठहर गर्दै तीन वर्ष कैद र ७५ हजार रुपियाँ जरिबानाको फैसला सुनायो।

१६ वर्षीया बालिकालाई ०८२ माघ ५ गते बलात्कार गरेको आरोपमा गौरादह नगरपालिका-८ झारवारीका ३१ वर्षीय कृष्णकुमार राजवंशीविरूद्ध पीडित पक्षले माघ ८ गते अस्थायी प्रहरी पोष्ट, जुरोपानीमा उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण माघ ८ गते नगर अस्पताल, गौरादहमा भयो। आरोपितलाई प्रहरीले माघ ८ गते गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन ४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश ऋतबहादुर पुलामी मगरको फागुन ५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दा कानुनी प्रक्रियामा छ।

**मोरङ**

१५ वर्षीया बालिकालाई ०८२ माघ १० गते बलात्कार गरेको आरोपमा विराटनगर महानगरपालिका-६ रामपुरका २८ वर्षीय सन्तोष पासवानविरूद्ध पीडित पक्षले माघ १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण कोशी अस्पतालमा माघ १८ गते भयो। पीडित पक्षको उजुरीलगत्तै आरोपित फरार भएकाले घटना अनुसन्धानमा रहेको प्रहरीले जनायो।

१४ वर्षीया बालिकालाई ०८२ चैत २ गते बलात्कार गरेको आरोपमा १५ वर्षीय बालकविरुद्ध पीडित पक्षले चैत ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण कोशी अस्पतालमा चैत ६ गते भयो। प्रहरीले आरोपितलाई चैत ५ गते गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत २६ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश चित्रबहादुर गुरूङको चैत २६ गतेको इजालासले संरक्षकको जिम्मा लगाउने आदेश दियो। मुद्दा कानुनी प्रक्रियामा छ।

१४ वर्षीया बालिकालाई ०८२ चैत ३ गते बलात्कार गरेको आरोपमा पथरीशनिश्चरे नगरपालिका-२ बुद्ध चोकका १९ वर्षीय करण मल्लिक डोमविरुद्ध पीडित पक्षले सोहीदिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण चैत ३ गते कोशी अस्पतालमा भयो। प्रहरीले आरोपितलाई चैत ३ गते गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत २५ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश केशवप्रसाद घिमिरेको चैत २५ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दा कानुनी प्रक्रियामा छ।

१७ वर्षीया बालिकालाई ०८२ चैत ७ गते बलात्कार गरेको आरोपमा १७ वर्षीय बालकविरूद्ध पीडित पक्षले चैत ८ गते इलाका प्रहरी कार्यालय, उर्लावारीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण मदनभण्डारी अस्पताल, म लवारेमा चैत ९ गते भयो। आरोपितलाई प्रहरीले चैत ८ गते गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत २६ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश चित्रबहादुर गुरूङको चैत २७ गतेको इजलासले आरोपितलाई संरक्षकको जिम्मा लगाउने आदेश दियो। मुद्दा कानुनी प्रक्रियामा छ।

१६ वर्षीया बालिकालाई विराटनगर महानगरपालिका-११ रोडशेषमा रहेको भिन्तुना गीजगजलमा ०८२ साउनदेखि र अन्तिम पटक ०८२ पुस २१ गते यौनजन्य कार्यमा लगाएको आरोप पीडितले गीजगजलका सञ्चालक विराटनगर महानगरपालिका-१२ का ३३ वर्षीय पर्शुराम कामत र सहयोगी विराटनगर महानगरपालिका-८ का २६ वर्षीय मनिष ठाकुरविरुद्ध पुस २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन। पीडितको स्वास्थ्य परीक्षण कोशी अस्पतालमा पुस २१ गते भयो। प्रहरीले आरोपित दुवै जनालाई सोही दिन गिरफ्तार गऱ्यो।

**सुनसरी**

१७ वर्षीया बालिकालाई ०८२ चैत २ गते बलात्कार गरेको आरोपमा सप्तरी जिल्ला राजविराज नगरपालिका-१५ स्थायी घर भइ इटहरी उपमहानगरपालिका-९ बस्दै आएका ४० वर्षीय मुकेश यादवविरुद्ध पीडित पक्षले चैत ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा चैत ८ गते भयो। प्रहरीले आरोपितलाई चैत १० गते गिरफ्तार ग ऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत २४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो।

१६ वर्षीया बालिकालाई ०८२ फागुन ३० गते बलात्कार गरेको आरोपमा गढी गाउँपालिका-८ थलाहा स्थायी घर भइ दुहवी नगरपालिका-८ कदमगाछीमा बस्दै आएका ३० वर्षीय सुरेन्द्र महतोविरूद्ध पीडित पक्षले चैत १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा चैत १ गते भयो। प्रहरीले आरोपितलाई चैत १ गते गिरफ्तार ग ऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत २३ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो।

१६ वर्षीया बालिकालाई ०८२ माघ ९ गते बलात्कार गरेको आरोपमा भारत राज्य, विहार जिल्ला अररीया थाना जोगवनी वडा नम्बर ७ नेता चोक स्थायी घर भइ दुहवी नगरपालिका-६ दुहवी बजार बस्दै आएका २० वर्षीय रोहितकुमार बढइविरूद्ध पीडित पक्षले फागुन २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन २९ गते भयो। प्रहरीले आरोपितलाई फागुन २९ गते गिरफ्तार ग ऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत २३ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो।

१५ वर्षीया बालिकालाई ०८२ माघ ९ गते बलात्कार गरेको आरोपमा इटहरी उपमहानगरपालिका-८ का २९ वर्षीय हरिश चौधरीविरूद्ध पीडित पक्षले फागुन ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन ३ गते भयो। आरोपितालाई प्रहरीले फागुन ४ गते गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत २ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नवराज कार्कीको चैत ३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दा कानुनी प्रक्रियामा छ।

१२ वर्षीया बालिकालाई ०८२ फागुन ५ गते बलात्कार गरेको आरोपमा इटहरी उपमहानगरपालिका-६ का ३१ वर्षीय सुरजकुमार चौधरी र ३३ वर्षीय उमेश चौधरीविरूद्ध पीडित पक्षले सोहीदिन इलाका प्रहरी कार्यालय, इटहरीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन ५ गते भयो। आरोपितहरुलाई प्रहरीले फागुन ५ गते गिरफ्तार गऱ्यो। आरोपितहरू विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन २९ गते बलात्कार शीर्षकम मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश चन्द्रमणि चापागाईंको चैत १ गतेको आदेशले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दा कानुनी प्रक्रियामा छ।

१५ वर्षीया बालिकलाई ०८२ माघ १२ गते बलात्कार गरेको आरोपमा रामेछाप जिल्ला खाँडादेवी गाउँपालिका-२ फञ्याङ स्थायी घर भएका २३ वर्षीय दीपक राय र सिन्धुली जिल्ला तिनपाटन गाउँपालिका-२ डडुवा स्थायी घर भइ इटहरी उपमहानगरपालिका-६ बस्दै आएका २० वर्षीय पारस भनिने दुर्गाबहादुर भुजेलविरूद्ध पीडित पक्षले माघ १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ १३ गते जिल्ला अस्पतालमा भयो। आरोपितहरूलाई प्रहरीले माघ १३ गते विराटनगरबाट गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन १० गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश टेकराज भुसालको फागुन ११ गतेको इजलासले आरोपितद्धयलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दा कानुनी प्रक्रियामा छ।

